**बैठक संख्याः २०८२/८३-४**

आज मिति २०८२ असोज २४ गते शुक्रवारका दिन विहान ८ बजे सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

***तपसिलः***

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री डिल्ली खड्का | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

***अन्य उपस्थितिः***

श्री अरुण कुमार ओली — प्रशासन शाखा प्रमुख

# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**Google plus –JJ8H+R22 RUKUMKOT**
**रुकुमकोट, रुकुम (पूर्वी भाग)**

**लुम्बिनी प्रदेश, नेपाल**


प.स. २०८२।८३
च.न.

**मिति २०८२/०६/२४ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१.अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२.आव २०८१/८२ को भुक्तानी अन्तर्गत धरौटी खातामा जम्मा रहेको रकम भुक्तानी सम्बन्धमा ।
३.स्थानीय सडक मर्मत संचालन तथा भुक्तनी सम्बन्धमा ।
४.लघु उद्दम विकास कार्यक्रमका लागी वडा छनौट सम्बन्धमा ।
५.बुद्ध भुमि मानव सेवा आश्रमका लागी सहयोग सम्बन्धमा ।
६.आर्थिक सहायता सम्वन्धमा।
७. घर नक्सा अभिलेखिकरण सम्बन्धमा ।
८. वडा नं २ मा काठेपुल निर्माण सम्बन्धमा ।
९.ठेक्का गरिने योजनाको लागत अनुमान स्वीकृति सम्बन्धमा ।
१०. विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०५/१८ गते बसेको गाउँ कार्यपालिकाको तेस्रो बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ आव २०८१/८२ को भुक्तानी अन्तर्गत धरौटी खातामा जम्मा रहेको रकम भुक्तानी सम्बन्धमा**

**निर्णय नं २:**

सिस्ने गाउँपालिकाको गत आ.व. २०८१/८२ को बजेट तथा कार्यक्रम अनुसार योजना सम्पन्न भइ भुक्तानी प्रकृयामा विभिन्न समस्याका कारण गाउँपालिकाको धरौटि खातामा रोक्का गरी राखिएको तपसिलको रकम योजना अनुगमन प्रतिबेदन तथा समस्या समाधानको आधारमा धरौटि खाताबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| सि नं | योजनाको नाम | ठेक्का नं | भुक्तानी दिनु पर्ने रकम |
|---|---|---|---|
| १. | श्री सौजन्य आधारभूत विद्यालय भवन निर्माण । | EGP/NCB/SRM/W-04/081/82 (श्री न्यु चाँदनी कन्स्ट्रक्सन महागडीमाइ नपा ६ बारा) | रु १३,४६,८९९/१४ |
| २. | धाउने-अमलाचौर- तितेखोला ग्रामिण सडक पुनःस्थापना | EGP/NCB/SRM/W-08/081/82 (श्री ग्यालेक्सी विजनेश हाउस एण्ड कन्स्ट्रक्सन नेपालगंज १८ बाँके) | रु ९,८२,६६३/४३ |
| ३. | सिल्ले पदमार्ग निर्माण सिस्ने -१ | सिल्ले पदमार्ग उपभोक्ता समिति | रु १२,५०,०००/- |
| ४. | चोकबजार-पाखागाउँ-सेराखेत ढल निकास | EGP/NCB/SRM/W-02/081/82 (श्री किसान ममता आर.आर. जेभि) | रु १०,००,०००/- |
| ५. | जैविक बस्तु प्रबर्द्धन कार्यक्रम | बहु उद्देयिय सेवा प्रा.लि. | रु ५०,०००/- |
| ६. | भु-उपयोग क्षेत्र वर्गिकरण तथा नक्सा अध्यावधिक | मोक्ष इन्टर प्रपोज प्रा.लि. विरेन्द्रनगर-४ सुर्खेत | रु २,००,०००/- |

**प्रस्ताव नं ३ स्थानीय सडक मर्मत संचालन तथा भुक्तनी सम्बन्धमा ।**

**निर्णय नं ३:**

सिस्ने गाउँपालिका अन्तरगत विभिन्न वडा तथा बस्तीहरु सम्म पुग्ने सडक वर्षातको समयमा विग्रिएकोले नियमित मर्मत सम्भार गर्न पुर्वाधार एम्बुलेन्स संचालन गर्ने र मर्मत सम्भार गरिएको परिमाण प्राविधिक लागत अनुमानका आधारमा सम्बन्धित शिर्षकबाट भुक्तानी प्रकृया मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं ४ लघु उद्दम विकास कार्यक्रमका लागी वडा छनौट सम्बन्धमा ।**

**निर्णय नं ४:**

चालु आ.व. २०८२/८३ को शशर्त बजेट तथा कार्यक्रम अनुसार लघु उद्धम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्धमी सिर्जना तर्फ वडा नं १ र स्तरोन्नति तर्फ वडा नं २ छनौट गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ बुद्ध भुमि मानव सेवा आश्रमका लागी सहयोग सम्बन्धमा ।**

**निर्णय नं ५:**

बुद्धभुमि मानव सेवा आश्रम शाखा कार्यालय रुकुम पश्चिमको चं नं २२ मिति २०८२/०६/०६ को पत्र अनुसार उक्त आश्रमद्धारा अभिभावक विहिन बेवारिसे बृद्ध असक्त असाह्य अनाथ तथा विपन्न व्यक्तिहरुको लालनपालन तथा व्यवस्थापनका लागि भवन निर्माण गर्नु पर्ने भएकोले उक्त भवनमा प्राविधिक लागत अनुमानको आधारमा गाउँपालिकाको आफ्नो पहिचान सहित एउटा कोठा बरावरको आर्थिक सहायता गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ६ आर्थिक सहायता सम्वन्धमा।**

**निर्णय नं ६:**

सिस्ने गाउँपालिकाको विभिन्न वडा कार्यालय तथा विपद व्यवस्थापन समितिबाट सिफारिस भै आएका तपशिलका व्यक्तिहरुलाई तपशिल बमोजिमको आर्थिक तथा सामाग्री राहत दिने निर्णय गरियो ।

| क.स. | निवेदकको नाम, थर | ठेगाना | विपदको किसिम | विपद/घटना घटेको मिति | दिनुपर्ने राहत रकम |
|---|---|---|---|---|---|
| १ | किमुतरा सिंचाई नहर | सिस्ने-८ | बर्षातका कारण पहिरोले नहर भत्किएको | २०८२।०४।१७ | 200mm dia. को ४ वटा पाइप |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | रमेश थापा | सिस्ने-५ | घरमाथिबाट पहिरो आएर घर जोखिम अवस्थामा रहेको | २०८२।०५।१४ | २*१*१ को ४ थान जाली |
| ३ | बारपाट्ने मन्दिर | सिस्ने-४ | पहिरोले मन्दिर जोखिममा रहेको | २०८२।०५।१२ | २*१*१ को १० वटा जाली |
| ४ | काले बस्नेत | सिस्ने-५ | घरको दक्षीन तर्फको पर्खालमा क्षति (बर्षातको पानी) | २०८२।०५।१४ | १०००० |
| ५ | नेत्रे कामी | सिस्ने-८ | बर्षातको कारणले घर माथिबाट पहिरो आई घरमा क्षति भएको | २०८२।०४।१९ | १५००० |
| ६ | साबित्री घर्ती | सिस्ने-५ | बर्षातका कारण घरको आगन अगाडीको पर्खाल भत्किएको | २०८२।०३।११ | १०००० |
| ७ | चाउरे दमाई | सिस्ने-२ | आगलागिको कारणले घर पूर्णरुपले क्षति भएको | २०८१।१२।२५ | १५००० |
| ८ | खिम बहादुर खड्का | सिस्ने-३ | बिद्युत मर्मतको क्रममा करेन्ट लागेर मृत्यु | २०८२।०२।०८ | २५००० |
| ९ | जित बहादुर बादी | सिस्ने-३ | झोलुङ्गे पुलबाट खसेर मृत्यु | २०८२।०१।१३ | २५००० |
| १० | नन्दलाल सार्की | सिस्ने-८ | बर्षातको समयमा पहिरो गएर घरमा क्षति | २०८२।०५।१५ | १०००० |

**प्रस्ताव नं ७ घर नक्सा अभिलेखिकरण सम्बन्धमा ।**

**निर्णय नं ७:**

सिस्ने गाउँपालिका अन्तर्गत राष्ट्रिय भवन निर्माण सहिता तथा भवन निर्माण मापदण्ड लागु भइ सकेकोले मापदण्ड लागु हुनु पुर्व निर्माण सम्पन्न भइ सकेका भवनको हकमा एक पटकका लागि मिति २०८२

मंशिर मसान्त सम्म तोकिएको दरमा २० प्रतिशत जरिमाना गरी अभिलेखिकरण खुल्ला गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ८ वडा नं २ मा काठेपुल निर्माण सम्बन्धमा ।**

**निर्णय नं ८:**

सिस्ने गाउँपालिकाको वडा नं २ स्थित सानीभेरी नदिको कुमामा स्थानीयबासीलाई आवत जावत गर्न कठिनाइ भएकोले गाउँपालिकाको विपद व्यवस्थापन कोष रकमबाट खर्च हुने गरि काठेपुल निर्माण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ९ ठेक्का गरिने योजनाको लागत अनुमान स्वीकृति सम्बन्धमा ।**

**निर्णय नं ९:**

सिस्ने गाउँपालिकाको चालु आव २०८२/८३ मा ठेक्का मार्फत कार्यान्वयन हुने तपशिल बमोजिमका योजनाहरुको प्राविधिक सर्भे गर्दा गाउँपालिकाको विनियोजित बजेट भन्दा बढि रकम लागत अनुमान हुन आएकोले हाललाई सोही अनुसारको लागत अनुमान स्वीकृत गर्ने र विनियोजित बजेट भन्दा बढि भएको श्रोत गाउँपालिकाको आगामी गाउँ सभाबाट थप गर्ने गरी श्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

तपशिलः

| सि.न. | योजनाको नाम | विनियोजन बजेट | स्वीकृत लागत अनुमान | कैफियत |
|---|---|---|---|---|
| १ | सुद्री देखि भट्टेचौर सम्म सडक निर्माण | १,५७,३०,००० | १,९९,९९,५९९/८१ | |